# कर्माचार्यको संयोजकत्वमा खेलाडी छनोट समिति

**काठमाडौं/हिटा ।** नेपाल क्रिकेट संघ (क्यान) ले उत्तम कर्माचार्यको संयोजकत्वमा खेलाडी छनोट समिति गठन गरेको छ । क्यानले बुधबार एक विज्ञप्ति निकाल्दै कर्माचार्यको संयोजकत्वमा छनोट समिति गठन गरिएको जनाएको छ । कर्माचार्य राष्ट्रिय टिमका पूर्वकप्तान हुनुहुन्छ ।

सन् १९९६ मा कर्माचार्यको कप्तानीमा नेपालले आइसिसी मान्यता प्राप्त पहिलो आधिकारिक प्रतियोगिता एसिसी ट्रफी खेल्नुभएको थियो । उहाँ क्यानका पूर्वसचिवसमेत हुनुहुन्छ । यस्तै क्यानले संघका उपाध्यक्ष राजुबाबु श्रेष्ठको संयोजकत्वमा क्रिकेट समिति गठन गरेको छ । क्यानले दुई समितिका अन्य सदस्यहरू भने आगामी बैठकले थप गर्ने जनाएको छ ।



## पाँचखाल नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक,
बागमती प्रदेश नेपाल

### सेवा करारमा पदपुर्ति सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशन मिति : २०७७/८/२०**

प्रस्तुत विषयमा पाँचखाल नगरपालिकाद्धारा संचालित प्रथामिक स्वास्थ्य केन्द्र, COVID आइशोलेशन तथा स्वास्थ्य संस्थाहरुमा देहाय बमोजिमको सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएकाले तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपालि नागरिकहरुबाट यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र दरखास्त दिनहुन यो सुचना प्रकाशन गरिएको छ ।

| क्र स | विज्ञापन नं | पद | तह | संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/०७७/७८ | मेडिकल अधिकृत | आठौं | १ | १०००/- | COVID SECTION |
| २ | २/०७७/७८ | स्टाफ नर्स | पाँचौं | १ | ४००/- | COVID SECTION |
| ३ | ३/०७७/७८ | हे.अ. | पाँचौं | ४ | ४००/- | स्वास्थ्य चौकीहरु |
| ४ | ४/०७७/७८ | अ.हे.ब. | चौथो | १ | ४००/- | स्वास्थ्य चौकीहरु |

१. आवश्यक योग्यता र अनुभव :
मेडिकल अधिकृत पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस उतीर्ण भएको। ने.मे. काउन्सिलमा दर्ता भएको।
स्टाफ नर्स पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.उतीर्ण गरी स्टाफ नर्स कोर्ष उतीर्ण गरी नर्सिङ काउन्सिलमा दर्ता भएको।
हेल्थ असिष्टेन्ट पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उतीर्ण गरी हेल्थ असिष्टेन्ट (सामान्य चिकित्सा) को कोर्ष उतीर्ण गरी काउन्सिलमा दर्ता भएको।
अ.हे.ब. पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब. कोर्ष उतीर्ण गरी काउन्सिलमा दर्ता भएको।
२. उमेरः कम्तिमा १८ वर्ष पुरा गरी ३५ बर्ष ननाघेको ।
३. दरखस्त दिने स्थानः पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाँचखाल, काभ्रेपलाञ्चोक ।
४. दरखास्त दिने अन्तिम मितिः २०७७/०९/०४ (सार्वजनिक दिन परेमा त्यसको भोलिपल्ट)
५. छनौटको किसिमः अन्तर्वार्ता
६. परीक्षा मितिः पछि प्रकाशन गरिनेछ ।
७. सेवा सुविधाः नेपाल सरकारको नियमानुसार ।
८. आवेदन साथ सम्लग्न गर्नु पर्ने कागजातहरुः
प्रतिलिपि ( नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्र, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र, अनुभव सम्बन्धी अन्य कागजात) ।
९. करार अवधीः २०७८ असास मसान्त ।(आवश्यकता बमोजिम थप गर्न सकिने)
थप जानकारीको लागि पाँचखाल नगरपालिकामा सम्पर्क राख्न हुन अनुरोध छ ।

प्रमुख प्रशासकिय अधिकृत


# गोपीचन्द गृहनगरमा सम्मानित

**धनगढी/हिटा ।** १३औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्णपदक विजेता तथा टोकियो ओलम्पिकका लागि छनोट भएका धावक गोपीचन्द्र पार्की गृहनगर धनगढीमा सम्मानित हुनुभएको छ ।

गोपीचन्द्रलाई कैलाली जिल्ला एथलेटिक्स संघले २५ हजार नगदसहित सम्मान गरेको हो । सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री कृष्णराज सुवेदीले गोपीचन्दलाई एक कार्यक्रमबीच सम्मान गर्नुभएको थियो । सम्मान कार्यक्रममा मन्त्री सुवेदीले टोकियो ओलम्पिकको शुभकामना दिँदै ओलम्पिकमा सहभागिता जनाउन जाँदा प्रदेश सरकारले अझै सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

'गोपीचन्दले राष्ट्रियस्तरमै सुदूरपश्चिमको नाम उचो बनाउनुभएको छ । हामी उहाँलाई आगामी दिनमा पनि निरन्तर सहयोग गरिरहनेछौं । ओलम्पिकमा पनि सुदूरपश्चिमको छोरोले देशको नाम उच्च राख्ने विश्वास व्यक्त गरेका छौं,' मन्त्री सुवेदीले भन्नुभयो ।

यस्तै कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का बोर्ड सदस्य एकेन्द्र कुँवरले पनि व्यक्तिगत रूपमा गोपीलाई सहयोगस्वरूप १५ हजार रुपैयाँ प्रदान गर्नुभएको थियो । उहाँले आगामी दिनमा थप प्रगतिको कामना गर्नुभयो ।

सम्मान ग्रहणपछि गोपीचंन्दले गृहनगरमा सम्मान पाउँदा झनै उत्साह बढेको बताउनुभयो । उहाँले खेलाडीको हौसलावृद्धिका लागि यस किसिमका कार्यक्रमको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो । 'खेलाडीले निकै परिश्रम गरेपछि सफलता हात पार्छ । यस खाले कार्यक्रमले खेलाडीमा जोस बढाउँनुका साथै आगामी दिनमा अझै राम्रो गर्न प्रेरित गर्छ,' गोपीचन्दले भन्नुभयो ।

गत मसिर ६ गते नेपालगञ्जमा सम्पन्न नेपालगञ्ज म्याराथनको च्याम्पियन बन्दै गोपीचन्द टोकियो ओलम्पिकमा छनोट हुनुभएको थियो ।

Government of Nepal